कार्यपालिका बैठक संख्या :- ६९
बैठक मिति :- २०७६।१०।१०

निर्णय नं. १

यस उपमहानगरपालिकाबाट गठित नदि, खोला र पैनीहरुको क्षेत्राधिकार (Right of way) निर्धारण समितिबाट पेश भएको प्रतिबेदन पास गर्ने निर्णय गरियो ।

निर्णय नं. २

यस उपमहानगरपालिकाबाट गठित सडकहरुको क्षेत्राधिकार (Right of way) निर्धारण समितिबाट पेश भएको प्रतिबेदन पास गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस उपमहानगरपालिका वडा नं. ७ स्थित नेपाल टेलिभिजन जाने सडक ग्राभेल तत्काल गर्नु पर्ने भएको हुँदा ५ लाख सम्मको ग्रावेल कोटेशन मार्फत तत्काल गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस आ.ब. २०७६/०७७ मा प्रदेश निर्वाचन क्षेत्र बिशेष कार्यक्रम शिर्षक अन्तर्गत सुनसरी निर्वाचन क्षेत्र नं. ३ (क) मा इटहरी ६ लालीगुराँस मार्ग अगाडी टेङग्रा खोलामा र इटहरी ११ नहर (विर नारायण मार्ग देखि बट्टैमारा मार्ग दुर्गा मन्दिर जाने बाटो) मा फलामे पुल निर्माणका लागि क्रमश १८ लाख र ३२ लाख बिनियोजन भएकोमा उपभोक्ता समितिबाट जनसहभागिता नजुट्ने हुँदा बोलपत्रद्धारा कार्य गर्नुपर्ने भएकोले थप दायित्व यस उपमहानगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोंने निर्णय गरियो ।

निर्णय नं. ५

पूर्व पश्चिम राजमार्ग अन्तर्गत टेङग्रा खोला पुलमा खाल्डा खुल्डी भई सवारी आवत जावतमा समस्या भएको हुँदा उक्त पुल मर्मतका लागि ल.ई.अनुसारको मर्मत कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

इटहरी उपमहानगरपालिका क्षेत्र भित्रको अव्यवस्थित पार्किङ्ग तथा अनाधिकृत सडक अतिक्रमण हटाएर प्रभावकारी ट्राफिक व्यवस्थापन गर्नका लागि ट्राफिक चिन्हको बोर्ड बनाउदा लागेको खर्च मध्ये ५० हजार सडक सुशासन शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. ७

वडा नं. १३ को नहर डिलमा विपद्को समयमा जे.सि.बि., ट्याक्टर र मजदुर लगाउदा भएको खर्च रु. ५०,१३७ (पचास हजार एक सय सैतीस रुपैया) विपद् व्यवस्थापन शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

पर्यटन बर्ष २०२० मनाउन औद्योगिक मेलमिलाप आयोजना एवम् प्रवर्द्धन कार्यक्रममा बिनियोजित रु. ५ लाख मध्ये रु. १ लाख २५ हजार रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

यस आ.ब. २०७६/०७७ मा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम (३६५०११०३) शिर्षक अन्तर्गत यस उपमहानगरपालिका वडा नं. ११ सुनसरी मोरङ्ग सिचाई आयोजनाको क्षेत्र भित्र पर्ने पशुपति चोकको



नि.प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी प्रदेश नं १, नेपाल

नहरमा ट्रस पुल निर्माणका लागि परिवर्तन नेपाल र TBSU प्राविधक प्रतिनिधीबाट ल.ई. रु. २९,२७,२९७।७१ भएकोमा रु. १,७५,६३७।८६ यस उपमहानगरपालिकाबाट समपुरक कोष व्यहोर्नुपर्ने भएकोले उक्त रकम न.पा. आन्तरिक कोषबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस उपमहानगरपालिका नगरकार्यपालिकामा कार्यरत अधिकृतस्तर आठौं महिला विकास अधिकृत श्री मन्जु लोहनी (भट्टराई) ले यस कार्यालयबाट अन्य कार्यालयमा सरुवा भई जानका लागि सरुवा सहमती माग गरेको सम्वन्धमा माग बमोजमको सरुवा सहमति दिन कार्यपालिका लाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

इटहरी ४ निवासी टिका भट्टराईको नाममा दर्ता रहेको कि.नं. २९२१ को जग्गा र घरको आ.ब. २०७५।०७६ मा जग्गाको क्षेत्रफल फरक भई रु. २,८०८। (दुई हजार आठ सय आठ) बढी रकम काटिएको हुँदा उक्त रकम फिर्ता दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

इटहरी उपमहानगरपालिकाको वडा नं. १९ बस्ने फुलमाया तामाङ्गको नाममा घर नक्सा पास सम्पन्न प्रमाण पत्र मिति २०७२।०८।२७ मा लिदा कित्ता नं. १७६८ र १७७० हुनु पर्नेमा अन्यथा हुन गएकोले उक्त नक्सा सम्पन्न प्रमाण पत्र संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

विगत ३६ बर्ष देखि साङ्गलोमा बाधिएर बसेका इटहरी २० का मानसिक रोगी डिक बहादुर खड्कालाई उपचारको लागि इटहरी उपमहानगरपालिकाको पहलमा वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भर्ना गरिएकोमा निजको हाल सम्म उपचार गर्दा लागेको खर्च मध्ये रु. ३० हजार उपमहानगरपालिकाको तर्फबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

चालु आ.ब. २०७६।०७७ को नगरसभाबाट स्वीकृत बजेट तथा योजना कार्यक्रम बमोजिम नगरसभाबाट स्वीकृत देहायका वडास्तरीय योजना कार्यक्रमलाई वडा समितिको सिफारीसको आधारमा देहाय अनुसार संसोधन गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजना | स्वीकृत भएको योजनाको नाम | साविक स्वीकृत रकम | वडा नं. | संसोधन हुनुपर्ने योजनाहरु | संसोधित रकम |
|---|---|---|---|---|---|---|
| १ | वडास्तरीय | बुधलालको घर देखि पश्चिम नहर सम्म प्रोटेक्शन वाल निर्माण | ५,००,०००। | १५ | अनिवार्य योजना ( कन्तलाल चौधरीको घर देखि फलामे पुल सम्म ) प्रोटेक्शन वाल निर्माण | ५,००,०००। (थप बजेट) |
| २ | वडास्तरीय | छत्रमणि काफ्लेको घर हुदै हुलाकी बाटो जोडिने | २,००,०००। | १६ | मुल बाटोबाट छत्रमणि काफ्लेको घर हुदै हुलाकी बाटो जोडिने बाटोमा | २,००,०००। |



न.प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी प्रदेश नं.१, सुनसरी, नेपाल स्था. २०३३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बाटोमा प्रोटेक्शन वाल तथा ग्रावेल | | | प्रोटेक्शन वाल तथा ग्रावेल | |
| ३ | वडास्तरीय | नेवा:पुच जाने बाटो निरौलाको घर देखि दक्षिण प्रोटेक्शन वाल निर्माण | २,००,०००। | ९ | वडा भित्रका नाला व्यक्ति तथा जे.सि.वि.बाट सरसफाई गर्ने कार्य | ४,३०,०००। |
| | वडास्तरीय | वडा नं. ९ को बसपार्कमा सि.सि.क्यामेरा जडान | १,३०,०००। | ९ | | |
| | वडास्तरीय | भृकुटी मार्गमा टायल बिच्छाउने | १,००,०००। | ९ | | |
| ४ | वडास्तरीय | मल्लिक बस्ती सूर्योदय मार्ग प्रोटेक्शनवाल र ग्रावेल | ३,००,०००। | ९ | मल्लिक बस्ती सूर्योदय मार्ग ड्रेन निर्माण | ३,००,०००। |
| ५ | वडास्तरीय | भूमि चौधरीको घर नजिकको बाटोमा कालोपत्रे | ९,००,०००। | १२ | सरिता राजबंशीको घर हुदै मेन रोड जोड्ने बाटोमा ड्रेन निर्माण | १,५०,०००। (थप बजेट) |
| | | | | १२ | काले श्रेष्ठको घर हुदै राधाकृष्ण मार्ग जोड्ने बाटोमा ड्रेन निर्माण | १,५०,०००। (थप बजेट) |
| | | | | १२ | भुमि चौधरीको घर नजिक टेङग्रा खोलामा पक्की पुल निर्माण | २,००,०००। (थप बजेट) |
| | | | | १२ | ब्राम्हण टोलमा ड्रेन निर्माण | ५०,०००। (थप बजेट) |
| | | | | १२ | बर्मेली टोल प्रदिप बस्नेतको घर जाने बाटो ब्लक टायल | ५०,०००। (थप बजेट) |
| | | | | १२ | अनिता थापाको घर जाने बाटोमा ड्रेन | २,००,०००। |
| | | | | १२ | शनिबारे हाटको पुलमा रेलिङ्ग लगाउने । | ५०,०००। |
| | | | | १२ | १२ नं. वडाका बाटाहरुमा ग्रावेल मर्मत | ५०,०००। |
| ६ | वडास्तरीय | सडक ग्रावेल ( यमशोभा राईको घर देखि विश्वनाथ | २,००,०००। | ७ | यमशोभा राईको घर देखि विश्वनाथ महतोको घर जाने बाटो र चुनचुन | २,००,०००। |



नि.प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | महतोको घर जाने बाटो र चुनचुन चौधरीको घर देखि सन्तोष साहुको घर जाने बाटो) | | | चौधरीको घर देखि सन्तोष साहुको घर जाने बाटो ड्रेन तथा ग्रावेल | |

**निर्णय नं. १५**

चालु आ.ब. २०७६।०७७ को नगरसभाबाट स्वीकृत बजेट तथा योजना कार्यक्रम बमोजिम नगरसभाबाट स्वीकृत देहायका नगरस्तरीय योजना कार्यक्रमलाई बजेट तथा योजना तर्जुमा समितिको सिफारीसका आधारमा देहाय अनुसार संसोधन गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजना | स्वीकृत भएको योजनाको नाम | साविक स्वीकृत रकम | वडा नं. | संसोधन हुनुपर्ने योजनाहरु | संसोधित रकम |
|---|---|---|---|---|---|---|
| १ | नगरस्तरीय | पश्चिम सिंहबाहिनी मार्ग ड्रेन तथा कालोपत्रे | १२,००,०००। | ३ | पश्चिम सिंहबाहिनी मार्गको पश्चिम तर्फ रहेको टेङग्रा खोलाको पूर्व भागको दायाँ बायाँ प्रोटेक्शन वाल तथा ड्रेन निर्माण | १२,००,०००। |

नि.प्रमुख प्रशासकीय अधिकृत

इटहरी [illegible] नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी प्रदेश नं. १, सुनसरी, नेपाल स्था. [illegible]